आज मिति २०७५ साल पौष २० गते शुक्रबारका दिन अर्जुनधारा नगरपालिकाका नगरप्रमुख श्री हरिकुमार रानाज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको (बोर्ड) बैठक देहाय उपस्थितीमा बसी निम्नानुसार छलफल तथा निर्णयहरु गरियो ।

उपस्थितीः

१	नगरप्रमुख	श्री हरिकुमार राना	अध्यक्ष	
२	नगर उपप्रमुख	श्री कमला खतिवडा आचार्य	सदस्य	
३	वडाध्यक्ष	श्री गजाधर खतिवडा	सदस्य	
४	वडाध्यक्ष	श्री रघुनाथ खनाल	सदस्य	
५	वडाध्यक्ष	श्री जीवकुमार भण्डारी	सदस्य	
६	वडाध्यक्ष	श्री दुर्गाप्रसाद दाहाल	सदस्य	
७	वडाध्यक्ष	श्री ध्यानबहादुर भारती	सदस्य	
८	वडाध्यक्ष	श्री लोकनाथ गौतम	सदस्य	
९	वडाध्यक्ष	श्री नवराम ढुङ्गाना	सदस्य	
१०	वडाध्यक्ष	श्री गोपीचन्द्र गौतम	सदस्य	
११	वडाध्यक्ष	श्री पुष्पकुमार प्रसाई	सदस्य	
१२	वडाध्यक्ष	श्री बलदेवसिंह गोम्देन तामाङ्ग	सदस्य	
१३	वडाध्यक्ष	श्री भैरवबहादुर खड्का	सदस्य	
१४	सदस्य	श्री लक्ष्मी तामाङ्ग	सदस्य	
१५	सदस्य	श्री हरिमाया भण्डारी	सदस्य	
१६	सदस्य	श्री शकुन्तला बराल	सदस्य	
१७	सदस्य	श्री दिलमाया शिवा	सदस्य	
१८	सदस्य	श्री दिलिप गुरुङ्ग	सदस्य	
१९	सदस्य	श्री खिनमान दास	सदस्य	
२०	सदस्य	श्री रमेशकुमार दर्जी	सदस्य	
२१	प्रमुख प्रशासकीय अधिकृत	श्री पङ्कज भुर्तेल	सचिव	
२२	विशेष आमन्त्रित श्री मा.श्री धर्मशिला थापाज्यू			
२३	खरिदार श्री सौजन कटुवाल			

२४. ने.प्र.स्वकीय सचिव -श्री गजेन्द्र खनाल

मिति २०७५/०९/२० गते बसेको नगर कार्यपालिका बैठककले गरेका निर्णयहरु :

१.KOEKA INTERNATIONAL COOPERATION AGENCY (KOICA) बाट यस नगरपालिकाका लागि दुई जना स्वयमसेवक उपलब्ध गराउन सक्ने आशयको इमेल प्राप्त भएकामा त्यसका लागि दुईवटा क्षेत्रहरु Early Childhood Development (ECD) तथा पर्यटन (Tourism) क्षेत्रमा सेवा उपलब्ध गराउन नेपाल सरकार मार्फत सँग अनुरोध गर्ने ।

२.संयुक्त अधिराज्यको ईङ्गल्याण्ड राज्यमा रहेको Wolverhampton City Council ले यस अर्जुनधारा नगरपालिकासँग भगिनी सम्बन्ध स्थापना गर्न औपचारिक निर्णय गरी आगामी ३ अप्रिल,२०१९ मा तत् सम्बन्धि Memorandum of Understanding मा हस्ताक्षरका लागि संयुक्त अधिराज्यका लागि नेपालका राजदुत डा. दुर्गाबहादुर सुवेदी मार्फत अनुरोध गरेकोम उक्त प्रस्तावलाई सहर्ष स्वीकार गरी प्रदेश सरकारको सहमति लिई नेपाल सरकार समक्ष स्वीकृतिका लागि लेखी पठाउने ।उक्त Wolverhampton City सँग भगिनी सम्बन्ध स्थापना गर्न यसै साथ संलग्न MoU लाई स्वीकृत गर्ने ।नेपाल सरकारबाट उक्त MoU को प्रारुपमा संशोधन भएमा सोहि बमोजिम गर्ने ।साथै,उक्त कार्यक्रममा भाग लिन नगर प्रमखु,प्रमुख प्रशासकीय अधिकृत तथा दुई जना वडा अध्यक्षलाई संयुक्त अधिराज्यमा पठाउने ।सो को लागि आवश्यक बजेट नगरपालिकाले देहाय बमोजिम व्यहोर्ने ।

देहाय:

विवरण	नगर प्रमुख	प्र.प्र.अ.	वडा अध्यक्ष	जम्मा
हवाइ टिकट दुइ तर्फ (Economy Class) NPR	१२५०००	१२५०००	२५००००	५०००००
दैनिक भ्रमण भत्ता ७ दिनको (US $)	७००	८७५	९८०	२५५५

३.अर्जुनधारा नगर क्षेत्र भित्र रहेका सम्पूर्ण नदिहरुको संरक्षण, कटान नियन्त्रण तथा नदिजन्य सामाग्रीको अवैध उत्खनन लगायतका विषयहरुमा अनुगमन गर्नका सम्बन्धित लागि देहाय बमोजिमको एक अनुगमन समिति गठनका लागि आवश्यक प्रक्रिया अघि बढाउने ।

नगर उप प्रमुख	संयोजक
नगर स्तरीय विपद् व्यवस्थापन समितिका संयोजक	सदस्य
सम्बन्धित वडाका वडा स्तरीय विपद् व्यवस्पान समितिका संयोजक,	सदस्य
स्थानीय प्रहरी तथा सुरक्षा निकायका प्रतिनिधि	सदस्य
नगरपालिका भित्रका सबै जलाधार समितिका प्रतिनिधिहरु	सदस्य
अर्जुनधारा प्रेस क्लबका प्रतिनिधि	सदस्य
सम्बन्धित विषयविज्ञ	सदस्य
नगर कार्यपालिका कार्यालयका ईञ्जिनियर	सदस्य सचिव

हरी कुमार राना
नगर प्रमुख

४.झापा वस्तु तथा सेवा उपभोक्ता संघ अर्जुधारावाट प्रस्ताव भए बमोजिम अर्गानिक खेतिबाट भान्सा नै औषधालय कार्यक्रमका सम्बन्धमा अर्जुनधारा नगरपालिकाका सबै जनप्रतिनिधि सहभागि हुने गरी मिति २०७५/०९/२७ गते दिउँसो १२ बजे एक अन्तर्क्रिया कार्यक्रम गर्ने।

५.यस अर्जुनधारा नगरपालिकाको नदिजन्य सामाग्री उत्खननको ठेक्का लगाइएकोमा उक्त स्थानबाट उत्खनन गर्दा खेतिजन्य जमिनमा कुलोबाट पानि नउठ्नका कारण प्रतिवर्ष १ थान १५० मिटर लम्बाई १.५ मिटर चौडाई भएको चेक ड्याम उक्त नदिहरुमा बाँध्न आवश्यक रहेकाले उक्त कार्यका लागि आवश्यक रकम र विषयविज्ञ र अन्य खर्च समेत प्रयोग गरी बाँकी हुन आउने रकम प्रदेश सरकार र स्थानीय तहले बाँडफाँड गर्न प्रस्ताव पेश गर्ने।

६.भवानी घिमिरे साहित्यिक प्रतिष्ठानद्वारा आगामी २०७५/०८/१८ र १९ मा आयोजना गर्न लागिएको साहित्यिक मितेरी सम्मेलनका लागि रु २,००,०००/- (रु दुई लाख मात्र) आर्थिक सहायता उपलब्ध गराउने।

७.नगरपालिकाको कामकाजका सिलसिलामा नगरप्रमुखज्यूको मिति २०७५/०९/११ देखि २०७५/०९/१९ गते सम्मको काठमाण्डौं भ्रमण स्वीकृत गर्ने।

२०७५/०९/२०

हरी कुमार राना मगर
नगर प्रमुख